निर्णयहरु :

१. अनुसन्धान, अभियोजन तथा प्रतिरक्षाका लागी, उपलब्ध श्रोत र जनशक्तिलाई अधिकतम उपयोग गरी थप प्रभावकारी बनाउने । अनुसन्धान गर्ने निकाय र सरकारी वकील विचको समन्वयलाई प्राथमिकता दिने ।

२. जिल्ला प्रहरी कार्यालय तथा सो मातहतका कार्यालयमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसुचि १ भित्रका मुद्दाको सूचना दर्ताभई सो अनुसार अनुसन्धान कार्य अगाडी वढाउनु पूर्व सो सम्बन्धी कानूनी व्यवस्था अनुसार प्रारम्भिक प्रतिवेद पठाउनु पर्ने देखीदा, नपठाइएका भए अनिवार्य रूपमा पठाउने ।

३. छुट्टै सुरक्षाकर्मीको पहरा नभएका उच्च सरकारी वकील कार्यालय नेपालगञ्ज तथा जिल्ला सरकारी वकील कार्यालय बाँकेमा रहेका मुद्दाका मिसिलहरूको सुरक्षा तथा कर्मचारीको सुरक्षाको लागी उपलब्ध हुनसक्ने सम्मका सुरक्षा सम्बन्धी कार्यहरू गरीदिनका लागी प्रमुख जिल्ला अधिकारी मार्फत जिल्ला स्थित सुरक्षा समितिलाई अनुरोध गर्ने ।

४. नेपाल सरकार तथा सो अन्तरगतका कार्यालय वा निकायलाई विपक्षी बनाई उच्च अदालत नेपालगञ्जमा दायर भएका रिट निवेदनहरूमा विपक्षी वनाइएका त्यस्ता कार्यालय तथा निकायहरूबाट लिखित जवाफ पठाउदा, विवादको विषयमा कार्यालयका निर्णय, सरोकार, तथा उपलब्ध भए सम्मका सम्बद्द प्रमाणहरू स्पष्ट खुलाइ, वहस फाइल तयार गरी समयमानै पठाउने, त्यसका लागी सम्पर्क व्याक्ति तोक्ने ।सो कार्यका लागी जिल्ला प्रशासन कार्यालयका तर्फबाट सरोकारवाला सबै कार्यालयमा जानकारी गराइदिने ।

५. उच्च अदालतमा अन्तरिम आदेशका सम्बन्धमा छलफल हुंदा, सकेसम्म सम्बन्धीत कार्यालय प्रमुख वा सो विषयमा जानकारी राख्ने जिम्मेवार अधिकृत उपस्थित हुने ।

६. मिति २०८२।०५।२४ गते भएको नवयुवाहरूको आन्दोलनका क्रममा यस कार्यालयमा रहेका अधिकांश मुद्दाका मिसिल तथा त्यस संग सम्बन्धी रेकर्डहरू जलि नष्ट भएको हुँदा,अदालत तथा

यस कार्यालयले मिसिल कागजातहरू प्राप्ती गर्ने कार्यका लागी मागेको सहयोग सरोकारवाला कार्यालयहरूका तर्फबाट उपलब्ध गराइदिने ।

७. मिति २०८२।०५।२४ गते अगाडी भएका मुद्दाका फैसला पठाउन बाँकी भए यथासक्य छिटो पुनरावेदनको म्यादलाई बिचार गरी त्यस्ता फैसलाको जानकारी पठाई दिन उच्च अदालत तुलसिपुर नेपालगञ्ज इजलाशलाई अनुरोध गर्ने ।

८. अदालतबाट भएको कुनै आदेश कार्यान्वयनका लागी पत्र पठाउदा , त्यस्तो आदेश समेत समावेश गरी पठाइदिन अनुरोध गर्ने ।

९. राजश्व चुहावट सम्बन्धी मुद्दाहरूको अनुसन्धान गर्दा समयमानै सम्बन्धीत सरकारी वकील संग समन्वय गर्ने । बैज्ञानीक प्रमाण संकलनलाई प्राथमिकता दिने ।

१०. राजश्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) एन २०५२ को दफा २४क बमोजिमको मुद्दा मिलापत्र हुन सक्ने देखिदा, कानून अनुसार मिलापत्र सम्बन्धमा सरलीकृत सेवा प्रवाह गर्ने ।

११. जिल्ला अदालत बाँकेमा दर्ता भएका सरकारी मुद्दाहरूमा भएको फैसलाको जानकारी अदालतबाट समयमानै प्राप्त नभएको भन्ने छलफलका क्रममा अवगत भएको हुँदा, समयमानै पुनरावेदनको म्याद सहितको जानकारी पठाइदिन श्रीमान रजिष्टारज्यू मार्फत जिल्ला अदालत बाँकेलाइ अनुरोध गर्ने ।

१२. समितिको अर्को वैठक आपसी समन्वयमा यथासक्य छिटो राख्ने निर्णय गरियो ।